



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ४ | पुस २०८० | Year 31 Vol 4 | Dec. 2023 - Jan. 2024


## राष्ट्रिय वाणिज्य बैंक लि. को १८ औं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले ५.५० प्रतिशत नगद लाभांश सहितको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरु पारित गरेको छ।




बैंक सञ्चालक समितिका अध्यक्ष दिलीप कुमार ढुङ्गानाको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारणसभामा अध्यक्ष ढुङ्गानाले बैंकले आफ्ना सेवा सुविधाहरुमा समय सापेक्ष परिमार्जन गर्दै प्रविधिमा अधारित विभिन्न सेवाहरुको माध्यमबाट ग्राहकहरु समक्ष आफ्ना गुणस्तरीय सेवाहरु प्रवाह गर्नुपर्ने आवश्यकतालाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको बताउनुभयो। उहाँले बदलिदो परिवेश र ग्राहकको चाहनाअनुरूप यस बैंकले आफ्ना सेवा प्रवाहलाई थप परिस्कृत गरी प्रभावकारी र कार्यकुशलतामा अभिबृद्धि ल्याउन Business Preocess Re-engineering, सम्पत्ति उपयोगिता योजना, हिसाब मिलान एवं लागत नियन्त्रण परियोजना कार्यक्रम, निष्कृय कर्जा र गैर बैंकिङ्ग सम्पत्तिहरुको उचित व्यवस्थापन, सूचना प्रविधिलाई समय सापेक्ष सुदृढिकरण गर्ने सम्बन्धी कार्यलाई समावेश गरी योजनाबद्ध रुपमा अगाडि बढाइएको बताउनुभयो।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई

थप समाचार पृष्ट ३ ▶▶

## राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समिति अध्यक्षमा दिलीपकुमार ढुङ्गाना नेपाल राष्ट्र बैंकका गभर्नरद्वारा शपथ ग्रहण



**काठमाडौं, १९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सञ्चालक समितिका नवनियुक्त अध्यक्ष दिलीपकुमार ढुङ्गानाले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ वमोजिम पद तथा गोपनीयताको शपथ लिनु भएको छ। यसअघि बैंक सञ्चालक समितिको पुस १६ गते बसेको बैठकले दिलीपकुमार ढुङ्गानालाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो। अध्यक्ष ढुङ्गानाले व्यवस्थापनमा विषयमा स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकको संस्थागत सुशासन तथा जोखिम व्यवस्थापनमा जोड दिई नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशनलाई अंगिकार गर्दै ग्राहकमुखी व्यवसाय बृद्धिमा बैंक लाग्नुपर्ने बताउनुभयो। बैंकका नवनियुक्त अध्यक्ष दिलीपकुमार ढुङ्गानाले बैंकिङ्ग क्षेत्रमा आफ्नो लामो अनुभव भएको बताउँदै सदैव बैंकको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान अवस्थाका बारेमा जानकारी गराउनुभयो। साथै बैंकले हाले जाजरकोट केन्द्रबिन्दु भई भूकम्प प्रभावित क्षेत्रमा राष्ट्र बैंकले आवास कर्जा लगानी गर्दा आधार दरमा दुई प्रतिशत प्रिमियम जोडी लिन सक्ने भनेता पनि यस बैंककले एक प्रतिशत मात्र प्रिमियम लिई आवास कर्जा लगानी गरी समाज प्रति उत्तरदायीपूर्ण कार्य गरिरहेको छ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा.निलम तिम्सिना ढुङ्गाना, राष्ट्र बैकका उच्च पदाधिकारीहरु र राष्ट्रिय वाणिज्य बैंकका सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, कम्पनी सचिव लगायतको उपस्थिति रहेको थियो। ■

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९औं वार्षिकोत्सव मनाइदैं




**काठमाडौं, ३० पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५९औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३९ सदस्यीय मुलसमारोह समिति गठन गरिएको छ । वार्षिकोत्सवलाई सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उपसमिति गठन गरिएको छ। नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन गरिएको छ। त्यस्तै उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ । त्यस्तै उपकार्यकारी अधिकृत विमल डंगोलको संयोजकत्वमा खेलकुद उपसमिति गठन गरिएको छ। उपकार्यकारी अधिकृत पवन रेग्मीको संयोजकत्वमा प्रभातफेरी र क्लिन आरविवि कार्यक्रम उपसमिति गठन गरिएको छ । यसैगरी उपकार्यकारी अधिकृत विनयरमण पौडेलको संयोजकत्वमा रक्तदान उपसमिति तथा उपकार्यकारी अधिकृत दुर्गाकुमारी कँडेलको संयोजकत्वमा व्यवसाय प्रवर्द्धन उपसमिति गठन गरिएको छ। ■

थप समाचार पृष्ठ ४ ▸▸

## शाखा सहायक प्रबन्धकहरुलाई Comprehensive तालिम प्रदान



**काठमाडौं, ९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकको कार्यरत शाखा सहायक प्रबन्धकहरुलाई विभिन्न स्थानमा Comprehensive तालिम आयोजना गरिएको छ । कोहलपुरमा मंसिर २६ देखि २८ गते सम्म लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका ७५ जना शाखा सहायक प्रबन्धकहरु, इटहरीमा मंसिर ३० देखि पुस ४ गते सम्म कोशी र मदेश प्रादेशिक कार्यालय अन्तर्गतका ८० जना शाखा सहायक प्रबन्धकहरु, चितवनमा पुस ६ देखि ९ गते सम्म मदेश, बागमती, गण्डकी र लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका ४३ जना शाखा सहायक प्रबन्धकहरु कर्मचारीलाई तालिम प्रदान गरिएको छ।

भुक्तानी फर्छ्यौट, डिजिटल बैंकिङ्ग कारोबार गर्दा आउने समस्याहरुको समाधान, सञ्चालन जोखिम व्यवस्थापन, कर्जा व्यवस्थापन, कर्जा असुली तथा व्यवस्थापन, गैरकोषमा आधारित व्यवसाय, डिजिटल बजारीकरण, ग्राहक सम्बन्ध व्यवस्थापन, कानून, सिसिएमएस तथा कम्प्लायन्सका विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

## सरकारी कारोबार सम्बन्धी तालिम



**काठमाडौं, १३ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैकको लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका सररकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ४२ जना कर्मचारीहरुलाई लक्षित गरी चितवनको कोहलपुरमा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ। सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, हिसाब मिलान र खाताबन्दी, प्रतिवेदन, विद्युतीय कारोबार(राजश्ज/अन्य), कोष र बैंकबीचको सम्बन्ध, राजश्व कारोबारको विधि र प्रक्रिया, पेन्सन कारोबार, कर कारोबार, रिम्स् प्रणाली, सुत्र प्रणाली कारोबार विषयमा प्रशिक्षकहरुबाट विषयगत तालिम प्रदान गरिएको छ । बैंकका वित्त विभागका प्रमुख सञ्जयकुमार श्रेष्ठ, प्रबन्धकहरु अर्जुनप्रसाद दहाल र विमलप्रसाद जोशी, काजी वस्नेत, रबिन्द्रप्रसाद चौंलागाईं, सञ्जिब महर्जन र विष्णुप्रसाद बेलवासेले प्रशिक्षण दिनु भएको थियो। ■



# जाजरकोटको नलगाडमा राष्ट्रिय वाणिज्य बैंकको शाखा विस्तार




**काठमाडौं, २५ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले कर्णाली प्रदेश जाजरकोट जिल्लाको नलगाड नगरपालिका वडा नः ७, दल्ली स्थित शाखा कार्यालय नलगाड विस्तार गरी कारोबार शुभारम्भ गरिएको छ । यसपछि बैंकको शाखा कार्यालयहरुको संख्या २८५ पुगेको छ। बैंकको हाल सातै प्रदेस ७७ जिल्लामा २८५ वटा शाखा कार्यालय, ७० वटा एक्सटेन्सन काउन्टर, ३०० वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग रहेको छ। ■

# बैंकको ७०औं एक्सटेन्सन काउन्टर बेलहिया अध्यागमन कार्यालय परिसरमा




**काठमाडौं, १७ पुस**

लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका वडा नं १ बेलहियामा रहेको अध्यागमन कार्यालय परिसरमा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको ७० औं एक्सटेन्सन काउन्टरको एक समारोहका बीच शुभारम्भ गरिएको छ । अध्यागमन कार्यालय बेलहियाका कार्यालय प्रमुख वासुराम पौडेल तथा बैंकका लुम्बिनी प्रदेशका प्रदेश प्रमुख गणेशचन्द्र पौडेलले संयुक्त रुपमा एक्सटेन्सन काउन्टरको उद्घाटन गर्नुभएको छ । शाखा कार्यालय सुख्खा बन्दरगाह(भैरहवा) मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट विदेशी पर्यटकको भिसा शुल्क तथा जरिवाना बापतको विदेशी मुद्रा, विभिन्न सरकारी कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर लगायतको रकम जम्मा गर्न सकिने छ । सो अवसरमा शाखा कार्यालय सुख्खा बन्दरगाह(भैरहवा)का शाखा प्रबन्धक विष्णु भट्टराई, स्थानीय प्रतिनिधि, सरकारी कर्मचारीहरु, बैंकका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो। ■

**युनियन गतिविधि**

# कर्मचारी संघको लक्ष्ययात्रा २०८० विमोचन




राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको मुखपत्र लक्ष्ययात्रा २०८० एक कार्यक्रमका बीच विमोचन गरिएको छ । पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालले विमोचन गर्नुभएको लक्ष्ययात्रामा शुभकामना, अन्तरवार्ता, आर्थिक, बैंकिङ्ग, वित्त, व्यवस्थापन, सूचना प्रविधि, पेसागत सम्बन्धी लेख, संघको सांगठानिक गतिविधि समावेश गरिएको संघका महासचिव रविन्द्रप्रसाद चौंलागाईंले बताउनुभयो । उक्त कार्यक्रममा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (विफु नेपाल)का राष्ट्रिय अध्यक्ष धर्मराज मैनाली, संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय तथा बरिष्ठ उपाध्यक्ष बद्रिप्रसाद तिमल्सिनाले पुस्तकको बारेमा धारणा राख्नु भएको थियो। ■

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको १८औं वार्षिकोत्सव सम्पन्न



**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १८औं वार्षिकोत्सव कार्यक्रम धुलिखेलमा सम्पन्न भएको छ। संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथिको रुपमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक एवं बैंकका पूर्व नायव प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीको उपस्थिति रहेको थियो।

कार्यक्रममा संगठनका विभिन्न पदमा रही बैंक सेवाबाट सेवा निवृत्त हुनु भएका कर्मचारीहरुलाई सम्मान गरिएको थियो। उक्त कार्यक्रम महासचिव उभार पाण्डेले सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तव्य संल्लाहकार संयोजक महेन्द्रमान गुरुङ्गले दिनु भएको थियो। कार्यक्रममा संगठनमा आबद्ध पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो। ■

# रा.वा.बैंकको १८औं वार्षिक.......

मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनिहरुको उपस्थिति रहेको थियो । अध्यक्ष ढुङ्गानाले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरुले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाब सहितको धारण राख्नुभएको थियो । उक्त टिप्पणी एवं जिज्ञासाबारे बैंक सञ्चालक समितिका अध्यक्ष ढुङ्गानाले जवाफ दिनुभएको थियो।

उक्त साधारण सभामा बैंक सञ्चालक समितिका सदस्यहरु श्री बाबुराम सुवेदी, श्री रोमिला ढकाल उप्रेती, श्री सुशिल घिमिरे, श्री अनलराज भट्टराई, स्वतन्त्र सञ्चालक श्री लक्ष्मण घिमिरे तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु श्री देवेन्द्ररमण खनाल, श्री सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु श्री देवेशप्रसाद लोहनी, श्री विमल डंगोल, श्री पवन रेग्मी र श्री विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल छत्कुली, विभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो। साधारण सभामा चाटर्ड एकाउण्टेन्टहरु, बैंकका कानूनी सल्लाहकारहरु, बैंकभित्र क्रियाशिल ट्रेड युनियका अध्यक्ष तथा पदाधिकारीहरु लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । साधारणसभालाई कम्पनी सचिव हेमराज खरेलले सहजिकरण गर्नु भएको थियो। ■

# बैंकको ५९औ वार्षिकोत्सव समारोह सम्पन्न गर्नका लागि बैंकका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा तपसिल बमोजिमको मुल समारोह समिति गठन गरिएको छ ।

| क.स. | समितिको पद | नाम थर | पद | कार्यालय/विभाग |
|---|---|---|---|---|
| १ | संयोजक | श्री किरणकुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| २ | सदस्य | श्री देवेन्द्ररमण खनाल | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ३ | सदस्य | श्री सरस्वती अधिकारी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ४ | सदस्य | श्री देवेश प्रसाद लोहनी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ५ | सदस्य | श्री विमल डंगोल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ६ | सदस्य | श्री पवन रेग्मी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ७ | सदस्य | श्री विनयरमण पौडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ८ | सदस्य | श्री दुर्गा कुमारी कंडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ९ | सदस्य | श्री नारायण प्र. लामिछाने | विभागीय प्रमुख | सम्पति व्यवस्थापन विभाग |
| १० | सदस्य | श्री रामकुमार थापा | विभागीय प्रमुख | योजना अनु. तथा ब्य.सु.प्र. |
| ११ | सदस्य | श्री रिको स्थापित | विभागीय प्रमुख | डिजीटल बैंकिङ विभाग |
| १२ | सदस्य | श्री निम्वल श्रेष्ठ | विभागीय प्रमुख | ट्रेजरी विभाग |
| १३ | सदस्य | श्री गायत्री श्रेष्ठ | विभागीय प्रमुख | सामान्य सेवा विभाग |
| १४ | सदस्य | श्री राज्य लक्ष्मी खड्गी | विभागीय प्रमुख | उपभोक्ता बैंकिङ्ग विभाग |
| १५ | सदस्य | श्री सोनी श्रेष्ठ | विभागीय प्रमुख | सं तथा साना म.कर्जा बिभाग |
| १६ | सदस्य | श्री भिम प्रसाद घिमिरे | विभागीय प्रमुख | मानव संशाधन विभाग |
| १७ | सदस्य | श्री पद्मा लक्ष्मी जि.सी. | विभागीय प्रमुख | सिकाई तथा बिकास विभाग |
| १८ | सदस्य | श्री सन्दीपजङ्ग कार्की | विभागीय प्रमुख | जोखिम ब्यबस्थापन विभाग |
| १९ | सदस्य | श्री सरोज बस्नेत | विभागीय प्रमुख | कर्जा अ.तथा असुली बिभाग |
| २० | सदस्य | श्री भोला नाथ पौडेल | विभागीय प्रमुख | आ.ले.प. विभाग |
| २१ | सदस्य | श्री ब्रज मोहन अधिकारी | विभागीय प्रमुख | कर्जा प्रशासन विभाग |
| २२ | सदस्य | श्री ऋषिराम ढकाल | विभागीय प्रमुख | भुक्तानि तथा फरस्यौट विभाग |
| २३ | सदस्य | श्री कृष्ण साह | विभागीय प्रमुख | कम्प्लायन्स विभाग |
| २४ | सदस्य | श्री संजय कुमार श्रेष्ठ | विभागीय प्रमुख | वित्त विभाग |
| २५ | सदस्य | श्री राजेशकुमार अग्रवाल | विभागीय प्रमुख | आईटी विभाग |
| २६ | सदस्य | श्री ऋषभ भट्टराई | विभागीय प्रमुख | कृषि तथा सामाजिक बैंकिङ्ग |
| २७ | सदस्य | श्री दामोदर ज्ञावली | विभागीय प्रमुख | पुर्वाधार बैंकिङ विभाग |
| २८ | सदस्य | श्री भवानी शंकर निरौला | विभागीय प्रमुख | कानुन विभाग |
| २९ | सदस्य | श्री दिनेश गौतम | विभागीय प्रमुख | ट्रेड फाइनान्स विभाग |
| ३० | सदस्य | श्री अच्युत गौतम | विभागीय प्रमुख | मार्केटिङ विभाग |
| ३१ | सदस्य | श्री ध्रुव प्रसाद अर्याल | प्रादेशिक प्रबन्धक | बाग्मती प्रादेशिक कार्यालय |
| ३२ | सदस्य | श्री बिश्व प्रकाश ज्ञवाली | शाखा प्रबन्धक | मुख्य शाखा कार्यालय |
| ३३ | सदस्य | श्री अबिता श्रेष्ठ | शाखा प्रबन्धक | कर्पोरेट शाखा |
| ३४ | सदस्य | श्री दुष्यन्त राज निरौला | कोष प्रशासक | अवकास कोष |
| ३५ | सदस्य | श्री हेमराज खरेल | बरिष्ठ प्रबन्धक | संचालक समितिको कार्यालय |
| ३६ | सदस्य | श्री लक्ष्मी प्रसाद पाण्डेय | अध्यक्ष | रा.बा.बैंक कर्मचारी संघ, नेपाल |
| ३७ | सदस्य | श्री ईश्वर बहादुर सिंह | अध्यक्ष | नेपाल वित्तीय संस्था कर्मचारी संघ,रा.बा.बैंक लि. |
| ३८ | सदस्य | श्री दिपेन्द्र कार्की | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.बा.बैंक लि. |
| ३९ | सदस्य-सचिव | श्री आनन्द सुवेदी | विभागीय प्रमुख | ब्रान्च अपरेशन बिभाग |

## उपसमितिहरु

### क. प्रकाशन तथा प्रचार प्रसार उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनाल |
| २ | सदस्य | विभागीय प्रमुख श्री कृष्ण साह |
| ३ | सदस्य | विभागीय प्रमुख श्री राम कुमार थापा |
| ४ | सदस्य | विभागीय प्रमुख श्री भोलानाथ पौडेल |
| ५ | सदस्य | विभागीय प्रमुख श्री ऋषभ भट्टराई |
| ६ | सदस्य | विभागीय प्रमुख श्री भवानी शंकर निरौला |
| ७ | सदस्य | विभागीय प्रमुख श्री दामोदर ज्ञवाली |
| ८ | सदस्य | अध्यक्षश्री लक्ष्मी प्रसाद पाण्डेय- रा.बा.बैक कर्मचारी संघ, नेपाल |
| ९ | सदस्य | अध्यक्षश्री ईश्वर बहादुर सिंह- नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.बा.बैक लि. |
| १० | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की - नेपाल राष्ट्रिय कर्मचारी संगठन,रा.बा.बैक लि. |
| ११ | सदस्य | सहायक प्रबन्धक श्री ईश्वर उप्रेती |

### ख. अतिथि सत्कार उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| २ | सदस्य | विभागीय प्रमुख श्री गायत्री श्रेष्ठ |
| ३ | सदस्य | विभागीय प्रमुख श्री सरोज बस्नेत |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सोनी श्रेष्ठ |
| ५ | सदस्य | विभागीय प्रमुख श्री अच्युत गौतम |
| ६ | सदस्य | विभागीय प्रमुख श्री भीम प्रसाद घिमिरे |
| ७ | सदस्य | विभागीय प्रमुख श्री आनन्द सुवेदी |
| ८ | सदस्य | अध्यक्ष श्री लक्ष्मी प्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ नेपाल |
| ९ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह,ने.वि.स.क.संघ,रा.बा.बैक लि. |
| १० | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं, रा.बा.बैक लि. |

### ग. मञ्च व्यवस्थापन उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी |
| २ | सदस्य | विभागीय प्रमुख श्री रिको स्थापित |
| ३ | सदस्य | विभागीय प्रमुख श्री गायत्री श्रेष्ठ |
| ४ | सदस्य | विभागीय प्रमुख श्री राजेश अग्रवाल |
| ५ | सदस्य | विभागीय प्रमुख श्री भीम प्रसाद घिमिरे |
| ६ | सदस्य | विभागीय प्रमुख श्री ब्रजमोहन अधिकारी |
| ७ | सदस्य | विभागीय प्रमुख श्री सन्जयकुमार श्रेष्ठ |
| ८ | सदस्य | अध्यक्ष श्री लक्ष्मीप्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ नेपाल |
| ९ | सदस्य | अध्यक्षश्री ईश्वर बहादुर सिंह,ने.वि.स.क.संघ,रा.बा.बैक लि. |
| १० | सदस्य | अध्यक्षश्री दिपेन्द्र कार्की, ने.रा.क.सं, रा.बा.बैक लि. |
| ११ | सदस्य | मुख्य प्रबन्धक श्री हेमराज खरेल |
| १२ | सदस्य | प्रबन्धक श्री भवेश चन्द्र प्रधानाङ्ग |

### घ. खेलकुद समिति:

| क.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री बिमल डंगोल | बिबिध खेलकुद कार्यक्रमहरु आयोजना गर्ने । |
| २ | सदस्य | विभागीय प्रमुख श्री निम्बल श्रेष्ठ | |
| ३ | सदस्य | विभागीय प्रमुख श्री आनन्द सुवेदी | |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सरोज बस्नेत | |
| ५ | सदस्य | विभागीय प्रमुख श्री दिनेश गौतम | |
| ६ | सदस्य | विभागीय प्रमुख श्री ऋषभ भट्टराई | |
| ७ | सदस्य | श्री लुज: श्रेष्ठ/RBBEA | |
| ८ | सदस्य | श्री पेशल नेपाल /RBBEA | |
| ९ | सदस्य | श्री लसता श्रेष्ठ/FIEUN | |
| १० | सदस्य | श्री साजन सुवाल/FIEUN | |
| ११ | सदस्य | श्री बिश्व दाहाल/NEON | |
| १२ | सदस्य | श्री साम्राज्य शाक्य/NEON | |

### ङ. प्रभात फेरी कार्यक्रम र CLEAN RBBL उपसमिति:

| क.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री पवन रेग्मी | मिति २०८० माघ ६ गते बिहान ८ बजे । |
| २ | सदस्य | विभागीय प्रमुख श्री नारायणप्रसाद लामिछाने | |
| ३ | सदस्य | विभागीय प्रमुख श्री राम कुमार थापा | |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सन्दिप जंग कार्की | |
| ५ | सदस्य | विभागीय प्रमुख श्री पद्यमालक्ष्मी जि.सी | |
| ६ | सदस्य | विभागीय प्रमुख श्री ऋषिराम ढकाल | |
| ७ | सदस्य | विभागीय प्रमुख श्री दामोदर ज्ञवाली | |
| ८ | सदस्य | विभागीय प्रमुख श्री भवानी शंकर निरौला | |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री अबिता श्रेष्ठ | |
| १० | सदस्य | अध्यक्ष श्री लक्ष्मी प्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ | |
| ११ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह, ने.वि.स.क.संघ रा.बा.बैक लि | |
| १२ | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं,रा.बा.बैक लि. | |
| १३ | सदस्य | उपप्रमुख श्री हरिशचन्द्र भट्ट | |

### च) रक्तदान उपसमिति:

| क.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री बिनय रमण पौडेल | मिति २०८० माघ ५ गते बिहान १०:३० बजे । |
| २ | सदस्य | विभागीय प्रमुख श्री सोनी श्रेष्ठ | |
| ३ | सदस्य | विभागीय प्रमुख श्री निम्बल श्रेष्ठ | |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सञ्जय कुमार श्रेष्ठ | |
| ५ | सदस्य | विभागीय प्रमुख श्री राज्यलक्ष्मी खड्गी | |
| ६ | सदस्य | विभागीय प्रमुख श्री ब्रज मोहन अधिकारी | |
| ७ | सदस्य | विभागीय प्रमुख श्री दामोदर ज्ञवाली | |
| ८ | सदस्य | विभागीय प्रमुख श्री सन्दिप जंग कार्की | |
| ९ | सदस्य | विभागीय प्रमुख श्री पद्यमालक्ष्मी जि.सी. | |
| १० | सदस्य | विभागीय प्रमुख श्री दिनेश गौतम | |
| ११ | सदस्य | प्रादेशिक प्रबन्धक श्री ध्रुव प्रसाद अर्याल | |
| १२ | सदस्य | कोष प्रशासक श्री दुष्यन्तराज निरौला | |
| १३ | सदस्य | प्रबन्धक श्री शंकर प्रसाद रेग्मी | |

### छ. व्यवसाय प्रवर्द्धन उपसमिति:

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री दुर्गा कुमारी कंडेल |
| २ | सदस्य | विभागीय प्रमुख श्री रिको स्थापित |
| ३ | सदस्य | विभागीय प्रमुख श्री राज्य लक्ष्मी खड्गी |
| ४ | सदस्य | विभागीय प्रमुख श्री ऋषिराम ढकाल |
| ५ | सदस्य | विभागीय प्रमुख श्री ऋषभ भट्टराई |
| ६ | सदस्य | विभागीय प्रमुख श्री राजेश अग्रवाल |
| ७ | सदस्य | विभागीय प्रमुख श्री अच्युत गौतम |
| ८ | सदस्य | अध्यक्ष श्री लक्ष्मी प्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ,नेपाल |
| ९ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह, ने.वि.स.क.संघ रा.बा.बैक लि |
| १० | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं,रा.बा.बैक लि. |
| ११ | सदस्य | मुख्य प्रबन्धक श्री हेमराज खरेल |

# राष्ट्रिय वाणिज्य बैंक बन्यो नेपालका बैंकहरू मध्ये सबै भन्दा बढी डिजिटल कारोबार गर्ने बैंक

**काठमाडौं, ८ पुस**

२०२२ साल माघ १० गते ढङ्गा प्रणालीबाट सुरु गरेको राष्ट्रिय वाणिज्य बैंकको बैंकिङ्ग कारोबारमा हाल प्रविधिमा आधारित डिजिटल कारोबारमा उल्लेख्य प्रगति भएको छ। नेपालका वाणिज्य बैंकहरु मध्ये सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सबैभन्दा बढी डिजिल कारोबार (विद्युतीय कारोबार) गर्न सफल भएको छ। यसैसन्दर्भमा नेपालको भुक्तानी प्रणाली सञ्चालक नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले आफ्नो १५औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई नेपालका बैंकहरु मध्ये सबैभन्दा बढी




डिजिटल कारोबार गर्ने बैंकको रुपमा सम्मानीत गरेको छ। एक विशेष कार्यक्रमका बीच नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई अवार्ड प्रदान गर्नुभएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले प्रविधिमा पर्याप्त लगानी गरेकाले यो उपलब्धि हासिल गर्न सफल भएको बताउनुहुँदै अब राष्ट्रिय वाणिज्य बैंक परम्परागत प्रणालीबाट डिजिटलाइजेशन तर्फ गएको बताउनुभयो। बैंकले अन्तर्राष्ट्रिय स्तरको उन्नत बैंकिङ्ग प्रविधिमा आधारित Core Banking Software भित्र्याउन IT Enhancement Roadmap अन्तर्गत कार्य समेत गरिरहेको उहाँले बताउनुभयो। उहाँले बैंकले आधुनिक डिजिटल बैंकिङ्ग सेवा प्रवाह गरिरहेकाले सबै ग्राहकहरुलाई निर्धक्कसँग बैंकिङ्ग सेवा प्रयोग गर्न अनुरोध गर्नुभएको छ। साथै उहाँले बैंकको उपरोक्त प्रगतिकालागि सम्पूर्ण ग्राहकहरु, शेयरधनी, नेपाल सरकार, राष्ट्र बैंक, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंकको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गनुभयो। ■

## ब्रान्च प्रोफाइल

### (आ.व. २०७८/०७९ को 'ङ' वर्गको उत्कृष्ट शाखा)

### शाखा कार्यालय चौमला (४२२), कैलाली



कुल निक्षेप = रु. ११,०१,३६,००२।२६
कुल कर्जा = रु. २४,८०,५०,८५४।४५
कुल मुनाफा = रु. ३,६३,९१,६५२।५१
कुल कर्मचारी संख्या = ५ जना
खराव कर्जा प्रतिशत = ०
शाखा प्रबन्धक मदनराज पाण्डे
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०७५।०१।१३

प्रति कर्मचारी:
क.निक्षेप = रु. २,२०,२७,२००।४५
ख.कर्जा = रु. ४,९६,१०,१७०।८९
ग. नाफा = रु. ७२,७८,३३०।५१

**सफलताको रहस्य :**

ग्राहकप्रति जिम्मेवार तथा गुणस्तरीय सेवा, कामप्रति "कर्म नै धर्म हो" भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै Team Spirit को विकाश, अनुसाशन तथा नीति नियममा रही कार्यसम्पादन, कर्मचारीहरु बीचमा सुमधुर सम्बन्ध तथा समन्वय, लक्ष्यप्रति सदैव दत्तचित्त भई कार्यसम्पादन नै शाखाको प्रगतिको मुल आधार रहेको छ।

## समवेदना

यस बैंकका शा.का.लेकसाइडमा कार्यरत शाखा प्रबन्धक तुलसीमणी अधिकारी(११५४३) का माता मिनक्रणी अधिकारी, शा.का. भरतपुरमा कार्यरत बरिष्ठ सहायक प्रशाान्त गौडेल (११५२२) का पिता पूर्णप्रसाद गौडेल, शा.का. टेकुमा कार्यरत बरिष्ठ सहायक विनय रिजाल (१०४५८) की माता शान्तादेबी रिजाल, शा.का.थापाथलीमा कार्यरत सुरक्षागार्ड कुलबादुर ठकुरी (११३३३) का पिता हरिबहादुर ठकुरी, शा.का.थापाथलीमा कार्यरत सुरक्षागार्ड धुर्वबहादुर थापा (११३२४) का पिता दुर्गाबहादुर थापाको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोन: ०१-४२५२५९५, Ext. २४२३
ई-मेल: rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सुचना अधिकारी

**सहायक सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**